पोखरा महानगरपालिका
कास्की
गण्डकी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

वर्ष : ६ पोखरा खण्ड : ७८ प्रमाणित मिति: २०७९ श्रावण २४ गते

## भाग १

# पोखरा महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

# पोखरा महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पोखरा महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम पोखरा महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ रहेको छ।

(२) यो ऐन पोखरा महानगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**ऐन**" भन्नाले पोखरा महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनुपर्छ।

(ख) "**कार्यपालिका**" भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) "**नगरपालिका**" भन्नाले पोखरा महानगरपालिका सम्झनुपर्छ।

(घ) "**सभा**" भन्नाले संविधानको धारा २२३ बमोजिम गठित पोखरा महानगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(ङ) "**संविधान**" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

३. **ऐन बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम महानगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न आवश्यक ऐन पोखरा महानगरपालिकाको नगर सभाले बनाउन सक्नेछ।

४. **नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारीनिर्वाहगर्न अपनाउनु पर्ने

कार्यविधि नियमित गर्नको निमित्त पोखरा महानगरपालिका नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

५. **नीति, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही पोखरा महानगरपालिका नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**प्रकाशन मिति : २०७९ श्रावण २४ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**